नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३

पत्र संख्या : प्र.०७६/७७

## प्रेस विज्ञप्ती

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (COVID-19) को संभावित संक्रमण रोकथाम तथा नियन्त्रणका लागि यस जिल्लाभित्र उच्च सावधानी अपनाइ नेपाल सरकारको निर्णय र निर्देशन अनुरुप काम भैरहेको सबैमा विदितै छ । यसै सन्दर्भमा आज प्रमुख जिल्ला अधिकारी श्री उमेश कुमार ढकालज्यूको अध्यक्षतामा बसेको **District Covid-19 Crisis Management Center )DCCMC(** को बैठकले निम्नानुसारका निर्णयहरु गरेको व्यहोरा सर्वसाधारणका लागि यसै प्रेस विज्ञप्ती मार्फत जानकारी गराइएको छ ।

**निर्णयहरु :-**

१. COVID-19 Crisis Management Centre छाउनी, काठमाण्डौंको प्रेस विज्ञप्ति नं.३० मिति २०७७/०३/०७ गतेको प्राप्त विज्ञप्ति अनुसार बागमती प्रदेशमा कतारबाट आएका ५० जना, UAE बाट ५४ र ४८ जना, कुवेतबाट ६१ जना, साउदी अरबबाट ४९ जना मध्ये यस जिल्लामा आउने नागरिकहरुलाई सम्पर्क उप-समिति मार्फत काठमाण्डौंबाट ल्याई तत् तत् स्थानीय तहहरुले व्यवस्थापन गरेका क्वारेन्टाइनमा बस्ने व्यवस्था गर्ने/गराउने ।

२. मित्रराष्ट्र UAE बाट १५० जना र मलेसियाबाट १५० जना नेपाली नागरिकहरु अवतरण हुने क्रममा रहेको जानकारी बैठकमा अवगत भयो ।

३. हेलम्बु गाउँपालिकाको च.नं. १८८७ मिति २०७७/०३/०८ गतेको प्राप्त पत्रबाट कोभिड-१९ को महामारीले प्रभावित स्वदेश तथा विदेशबाट आउने नागरिकहरुलाई क्वारेन्टाइनमा र संक्रमित नागरिकहरुलाई आइसोलेसनमा राख्ने प्रावधान अनुसार यस गाउँपालिकाको वडा नं. १ मातहतको श्री गोल्मादेवी मा.वि. लाई क्वारेन्टाइनको रुपमा सञ्चालनमा ल्याइएको र उक्त क्वारेन्टाइनले मात्र सम्भव नभएको हुँदा थप क्वारेन्टाइन व्यवस्थापन विस्तार गर्नको लागि यस पालिका भित्र रहेका पत्रमा उल्लेखित ९ वटा सामुदायिक शिक्षण संस्थाहरु मध्ये गोल्मादेवी मा.वि.मा हाल क्वारेन्टाइन सञ्चालन भइरहेको र अन्य निम्न ३ स्थानमा पूर्वाधार तथा सडक पंहुच समेतको आधारमा पालिका स्तरीय क्वारेन्टाइन निर्माण गर्न हेलम्बु गाउँपालिकालाई आवश्यक सहयोग गर्ने ।

तपशिलः-

| सि.नं. | विद्यालयको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | श्री सरस्वती मा.वि. | हेगापा -४ | |
| २ | श्री मेलम्ची भ्याली क्याम्पस | हेगापा -४ | |
| ३ | श्री महेन्द्र मा.वि. | हेगापा -६ | |

४. यस जिल्लाको सुनकोशी गा.पा. स्थित पांग्रेटार क्षेत्रीय क्वारेन्टाइनमा रहेका बाह्रविसे न.पा. र बलेफी गा.पा. का २ जनामा कोरोना संक्रमण पुष्टी भएको हुँदा निजहरुलाई प्राथमिक स्वास्थ्य केन्द्र बाह्रविसेको आइसोलेसनमा राख्ने र निजहरुको सम्पर्कमा आएका व्यक्तिहरुको Contract Tracing सम्बन्धित स्थानीय तहको स्वास्थ्य शाखाबाट गर्ने र सोको लागि जिल्ला स्तरीय Contract Tracing Team बाट आवश्यक सहयोग र समन्वय गर्ने ।

मितिः २०७७।०३।०८

बाबुराम खनाल
स.प्र.जि.अ.

निवेदन/3